बैठक नं. - ४

आज मिति २०७४ साल असार २७ गतेका दिन यस ह्याङलेख गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री जगत बहादुर भोलन ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका बिषयमा उपर बृहत छलफल गरी गाउँ कार्यपालिकाको बैठक बाट निर्णय समेत पारित गरियो ।

## उपस्थितिहरु

| | |
|---|---|
| १. जगत बहादुर भोलन | — अध्यक्ष |
| २. दुर्गा देवी सुनुवार | — उपाध्यक्ष |
| ३. रामकाजी वाइवा | — १ नं. वडा अध्यक्ष |
| ४. रुक बहादुर थिङ | — २ " " " |
| ५. कृष्ण बहादुर थिङ | — ३ " " " |
| ६. चन्द्र बहादुर पारिख्रन | — ४ " " " |
| ७. बिष्णु कुमार कर्माचार्य | — ५ " " " |
| ८. जानुका थापा मगर | — सदस्य |
| ९. जे. सुन्दरी माया वाइवा | — " |
| १०. यर्म कुमारी दमाई | — " |
| ११. सुनमाया थिङ | — " |
| १२. गंगामाया बि. क | — " |
| १३. हिमालीमाया वि. क. | — " |
| १४. रेखा सिग्देल | — सदस्य सचिव |

## प्रस्तावहरु

१. पदाधिकारीहरुलाई बैठक भत्ता सम्बन्धमा ।
२. गाडी भाडा सम्बन्धमा ।
३. सरकारी कामकाजको सिलसिलामा पदाधिकारीहरु जिल्ला बाहिर भ्रमण गर्दा प्राप्त गर्ने भत्ता सम्बन्धमा ।
४. गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली सम्बन्धमा ।
५. गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली सम्बन्धमा ।
६. ह्याङलेख गाँउ कार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि, २०७४ सम्बन्धमा ।

## निर्णयहरु

→ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस ह्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिका तथा गाउँसभाको बैठक बस्दा प्रत्येक बैठकमा सहभागिता जनाउदा प्रचलित कानुन बमोजिम बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

→ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ह्याङलेख गाउँपालिकाको गाउँकार्यपालिका तथा गाउँसभाको बैठकमा सहभागी हुने पदाधिकारीहरुलाई प्रति व्यक्ति रु. ५०० (पाँचसय) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

→ प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरकारी कामकाजको सिलसिलामा यस जिल्ला बाहिर भ्रमण गर्दा प्रचलित कानुन बमोजिम प्राप्त गर्ने भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

→ प्रस्ताव नं. ४ माथि छलफल गर्दा ह्याङलेख गाउँ कार्यपालिका (कार्य विभाजन नियमावली) २०७४, नियम नं. १लाई दफावार छलफल गरी स्वीकृत गरियो ।

→ प्रस्ताव नं. ५ माथि छलफल गर्दा ह्याङलेख गाउँ कार्यपालिका (कार्य सम्पादन नियमावली), २०७४ - नियम नं. २ लाई दफावार छलफल गरी स्वीकृत गरियो ।

→ प्रस्ताव नं. ६ माथि छलफल गर्दा ह्याङलेख गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधि २०७४ लाई दफावार छलफल गरी स्वीकृत गरियो ।

रेखा सिग्देल
...कारी अधिकृत